विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक



● मकवानपुर, वर्ष-१६, अंक-०३ ● २०८० साउन १५ गते सोमबार, ● 31 July, 2023, ● नेपाल सम्वत्-११४३, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

थाहानगरमा बृहत खानेपानी आयोजनाको प्रगती

# ६७ किलोमीटर पाइप विछ्याइयो २१ वटा ट्याङ्की निर्माण

विकास संवाददाता
थाहानगर

मकवानपुर थाहानगरमा निर्माणाधिन पालुङ वृहत खानेपानी आयोजनाको काम करिब ७० प्रतिशत सकिएको छ । दुईवर्ष भित्र सम्पन्न गर्ने लक्ष्यकासाथ संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, थाहा नगरपालिका र स्थानीय उपभोक्ताको साँझोदारीमा निर्माण भइरहेको आयोजना वडा नम्बर १, २, ३ र ४ मा संचालन भैरहेको छ । करिब १ सय किलोमीटर मुख्य पाइपलाईन मध्ये हालसम्म ६७ किलोमीटर पाइप विछ्याइ सकिएको छ भने ३३ वटा पानी ट्याङ्की निर्माण गर्ने लक्ष्य रहेकोमा २१ वटा निर्माण भैसकेको छ ।

थाहा नगरपालिका वडा नम्बर १ मा २१ किलोमीटर मुख्य पाइपलाइन विस्तार गरिएको छ । वडा नम्बर १ मा स्किम(१ अन्तर्गत भाटखोलामा ५० हजार लिटर क्षमताको एउटा ट्याङ्की, स्किम-२ अन्तर्गत केदार गोपालीको घरमाथि २० हजार लिटरको, भुटिङ्गल डाँडा, भवानी घरमाथि र सिस्टन्डडाँडामा ५/५ हजार लिटरको ट्याङ्की निर्माण भएको छ । त्यस्तै वडा नम्बर १ कै स्किम-३ अन्तर्गत एफएम डाँडामा १५ हजार लिटर को एउटा पानी ट्याङ्की निर्माण सम्पन्न भएको संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाका प्राविधिक प्रकाश पन्तले जानकारी दिए ।

वडा नम्बर २ मा ६ वटा पानी ट्याङ्की निर्माण सम्पन्न भएको छ भने १४ किलोमीटर मुख्य पाइपलाईन विस्तार भएको छ । वडा नम्बर २ मा स्किम-७ अन्तर्गत काफलचौरमा १५ हजार



लिटरको ट्याङ्की निर्माण सम्पन्न भएको छ । स्किम-६ अन्तर्गत ल्होत्सेपाखा, भोटखोरिया र ठूलोखोरमा १०/१० हजार लिटरको ३ वटा तथा काइलाबाजेको तगारो र देउराली डाँडामा २०/२० हजार लिटरको दुईवटा ट्याङ्की निर्माण सम्पन्न भएको छ ।

थाहा नगरपालिकाको वडा नम्बर ३ मा ५ वटा ट्याङ्की तथा १२ किलोमीटर मुख्य पाइपलाइन विस्तार भएको छ । यस वडामा स्किम-१२ अन्तर्गत बाउन्ने चौर, गुफाडाँडा, गोपाली गाउँमा ५०/५० हजार लिटरको ३ वटा, स्किम-८ अन्तर्गत राम्चे खोलामा एउटा र स्किम-१० अन्तर्गत बाहुनगाउँ माझाचौरमा ५०/५० हजार लिटरको दुईवटा ट्याङ्की निर्माण भएको छ । वडा नम्बर ४ मा ४ वटा ट्याङ्कीको काम सम्पन्न भएको छ भने २० किलोमीटर पाइपलाईन विस्तार भएको प्राविधिक पन्तले जानकारी दिए । ४ नम्बर वडाका स्किम-१३ अन्तर्गत आइतबारे डाँडा र तुल्सीचौरमा ५०/५० हजार लिटरको दुईवटा, चौडालपाखामा ३० हजार लिटरको एउटा तथा स्किम-१४ अन्तर्गत भूपिनडाँडामा ५० हजार लिटर क्षमतको एउटा ट्याङ्की निर्माण सम्पन्न भएको छ ।

त्यसैगरी ४ वटा ट्रिटमेन्ट प्लान्ट निर्माण गर्ने लक्ष्य अनुसार ३ वटाको पूर्वाधार निर्माण कार्य सम्पन्न भएको छ । स्किम-१२ अन्तर्गत पर्ने बाउन्ने चौर, स्किम-१३ अन्तर्गतको तुल्सीचौर र स्किम-१४ अन्तर्गतको कारूलखोला ट्रिटमेन्ट प्लान्टको निर्माण कार्य सम्पन्न भएको पन्तले बताए । स्किम-८ अन्तर्गतको राम्चेखोला मुहानको ट्रिटमेन्ट प्लान्ट भने निर्माण शुरू भएको उनले जानकारी दिए ।

प्राविधिक पन्तका अनुसार-'वडागत रूपमा हेर्ने हो भने, वडा नम्बर २ को सबैभन्दा बढि काम सम्पन्न भएको छ भने दोस्रोमा वडा नम्बर ४, तेस्रोमा वडा नम्बर १ र सबैभन्दा कम काम भएको वडा ३ नम्बर रहेको छ ।' यद्यपि तुलनात्मक रूपमा थाहानगरमा खानेपानीको काम द्रुतगतिमा भैरहेको प्राविधिक पन्तको भनाइ छ । निर्माण व्यसायीको कामको गतिसंगै उपभोक्ताको तर्फबाट पनि संचालन गर्नुपर्ने कार्यलाई क्रमशः अघि बढाउनुपर्ने उनको भनाइ छ ।

# थाहा नगरपालिकाको बजेट सार्वजनिक

◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिकाले वडाको सिलिङसहित नगरपालिकाबाट गरिएको थप बजेट विनियोजन भएका योजनाहरू सार्वजनिक गरेको छ । थहाानगरले वडास्तर र नगरस्तर गरी दुई किसिमको पूर्वाधार विकास तर्फको १५ करोड ३६ लाख बजेट सार्वजनिक गरेको हो ।

विवरण अनुसार वडा नम्बर १ मा वडास्तरीय भनेर ७५ लाखको ११ वटा योजना र नगरस्तरीय ४ वटा योजनाका लागि ४५ लाख गरी १ करोड २० लाख विनियोजन गरेको छ । वडा नम्बर २ मा वडास्तरका लागि ६ वटा योजनाका लागि ७२ लाख तथा नगरस्तरीय ४६ लाख गरी १ करोड १८ लाख, वडा नम्बर ३ मा वडास्तरीय ११ वटा योजनाका लागि ७० लाख र नगरस्तरीय १० वटा योजनाका लागि ८७ लाख गरी १ करोड ५७ लाख, वडा नम्बर ४ मा वडास्तरीय ११ वटा योजनाका लागि ७६ लाख र नगरस्तरीय ४ वटा योजनाका लागि ४५ लाख गरी १ करोड २१ लाख, वडा नम्बर ५ को वडास्तरीय १३ योजनाका लागि ९० लाख र नगरस्तरीय ३ वटा योजनाका लागि ३५ लाख गरी १ करोड २५ लाख, वडा नम्बर ६ मा वडास्तरीय ६ वटा योजनाका लागि ५६ लाख र नगरस्तरीय ३ वटा योजनालाई ४६ लाख गरी १ करोड २ लाख रूपियाँ बजेट विनियोजन भएको छ ।

त्यसैगरी वडा नम्बर ७ मा वडास्तरीय १२ वटा योजनाका लागि ८८ लाख र नगरस्तरीय ५ वटा योजनाका लागि ४२ लाख गरी १ करोड ३० लाख, वडा नम्बर ८ को वडास्तरीय १० वटा योजनालाई ७६ लाख र नगरस्तरीय ५ वटा योजनाको लागि ५० लाख रूपियाँ गरी १ करोड २६ लाख, वडा नम्बर ९ को वडास्तरीय ८ वटा योजनाको लागि ८० लाख र नगरस्तरीय ४ वटा योजनाको लागि ५० लाख गरी १ करोड ३० लाख, वडा नम्बर १० को वडास्तरीय ८ वटा योजनाको लागि ७२ लाख र नगरस्तरीय ४ वटा योजनाका लागि ४५ लाख गरी १ करोड १७ लाख., वडा नम्बर ११ को १५ वटा वडास्तरीय योजनाका लागि १ करोड र नगरस्तरीय ३ वटा योजनाका लागि ४० लाख गरी १ करोड ४० लाख, वडा नम्बर १२ का लागि १४ वटा वडास्तरीय योजनाका लागि १ करोड र नगरस्तरीय ५ वटा योजनाको लागि ५० लाख गरी १ करोड ५० लाख रूपियाँ बजेट विनियोजन भएको प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरीद्वारा हस्ताक्षर गरिएको विवरणमा उल्लेख छ ।

बजेट सम्बन्धी सार्वजनिक भएको विवरणमा भनिएको छ-'मिति २०८०/०३/१० गतेको नगरसभाबाट स्वीकृत तथा नगर कार्यपालिकाको २०८०/०४/०८ को निर्णय बमोजिम आ.ब. २०८०/०८१ का लागि स्वीकृत भएका योजनाहरूको विनियोजित बजेट सहितको विवरण'। थाहा नगरपालिकाले १० असार मा सम्पन्न१२ औं नगरसभाले आर्थिक ऐन र विनियोजन ऐन पारित गरेको थियो ।

# वडालाई परिपत्र: 'साउनभित्रै जग्गा वर्गीकरण गर्नु

◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिकाले जग्गा वर्गीकरण गरी पालिकामा पठाउन वडा कार्यालयहरूलाई परिपत्र गरेको छ । थाहानगर कार्यपालिकाको ८ साउनमा भएको बैठकको निर्णय अनुसार वडाहरूलाई परिपत्र गरिएको प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरीले जानकारी दिए ।

भूउपयोग ऐन, २०७६ र नियमावली, २०७९ ले तोकेको मापदण्ड बमोजिम हाललाई कृषि क्षेत्र र आवासिय क्षेत्र निर्धार ण गरी साउन मसान्तभित्र नगरपालिकामा पठाउन १२ वटै वडा कार्यालयलाई नगरपालिकाले १० साउनमा परिपत्र गरि एको हो । भूउपयोग क्षेत्र वर्गीकरणका लागि आ-आफ्नो क्षेत्रमा कृषि र आवासिय क्षेत्र निर्धारण गरी पठाउन परिपत्र गरेको थाहा नगरपालिकाले वडा कार्यालयको सिफारिसको आधारमा जग्गा वर्गीकरण गर्ने जनाएको छ ।

# चिया र कफिको परीक्षण खेती

◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिका वडा नम्बर ३ मा चिया र कफीको परीक्षण खेती शुरू गरिएको छ । ३ नम्बर वडाको कालीबज्जार सामुदायिक वन क्षेत्र अन्तर्गत रहेको दमारमा १३ साउनमा टक्दा-८ जातको ४ सय चियाको र १ सय वटा कफी परीक्षणका लागि रोपीएको हो ।

स्थानीयहरूले कालिब्जार सामुदायिक वन उपभोक्ता समितिका सदस्यहरू, पदाधिकारीहरू सहितको सभागितामा चिया र कफीको विरूवा रोपेका हुन् । नेपालमा खेती गरिँदै आएको विभिन्न ४ जातका चिया मध्ये टक्दा-७८ थाहानगरको उच्च भागको हावा पानीमा हुर्कन सक्ने अनुमानसहित परीक्षण शुरू गरिएको सामुदायिक वन उपभोक्ता समितिका कमलकुमार केसीले जानकारी दिए । चियाखेती सफल भए आम्दानी र पर्यटन प्रवर्द्धन दुवै हुने केसीको भनाइ छ ।



प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
कार्यालय: थाहा-८ सम्पर्क नं. ९८०७१५३३००
www.bikaskhabar.com
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

## • सम्पादकीय •

### मानव बेचविखनका अनेक बाटो

अध्ययन र अर्थोपार्जनका लागि मान्छेहरु टाढा–टाढा पुगिरहेका छन् । देशभित्र बढ्दो बेरोजगारीले अरु देशमा उपलब्ध रोजगारीका अवसरहरु पछ्याउँदै एउटा देशका नागरिक अर्को देशमा पुग्ने गरेका छन् । यही बाध्यात्मक परिस्थितिको फाइदा उठाएर आर्थिक लाभका निमित्त मान्छेले मान्छेलाई नै बिक्री गर्ने हदको अमानवीय कार्य घट्नुको साटो बढ्दै गएको छ । बेचविखनका प्रत्येक पीडितसम्म पुगौं, कसैलाई न्यायबाट बञ्चित नगरौं भन्ने नारासहित अन्तर्राष्ट्रिय मानव बेचविखनविरुद्धको दिवस मनायएको छ । मानव बेचविखन उन्मूलन गर्न सचेतना जगाउने र त्यसका लागि विश्वव्यापी प्रतिबद्धतालाई सुदृढ गर्ने उद्देश्यले दिवस मनाउन थालिएको भए पनि आशातित उपलब्धि हासिल हुन सकेको देखिँदैन । अनेक नाममा दिनहुँजसो बेचविखनका घटनाहरु सार्वजनिक भइरहेका छन् । मानव बेचविखन विश्वव्यापी रुपमा फैलिएको सामाजिक अपराध हो । वैदेशिक रोजगारीको आडमा यो झनै व्यापक बन्दै गएको छ ।

हाम्रो जस्तो विभेदयुक्त सामाजिक परिवेशमा भेदभाव र हिंसाको सामना गरिरहेका व्यक्तिहरु सजिलै यस्तो बेचविखनको शिकार बन्ने गरेका छन् । स्वदेशमा जीवन गुजारा गर्न सक्ने गरी काम नपाउनु र कामका दौरान अनेक हण्डर अपमान सहनु पर्ने परिवेशले विदेश धकेलिन बाध्य भएकाहरु वैदेशिक रोजगारको क्रममा बेचविखनमा पर्ने गरेका अनेक घटना छन् । वैदेशिक रोजगारको आवरणमा मानव बेचविखन मौलाउँदै आएको छ । वैदेशिक रोजगारका लागि तेस्रो मुलुकमा जाने ब्यक्तिहरुको संख्या दिनप्रतिदिन बढ्दो छ । दैनिक एक हजारदेखि बाह्रसय युवाहरुले रोजगारका लागि देश छोड्ने गरेका छन् । यसरी वैदेशिक रोजगारमा जानेहरुमा महिलाको संख्या पनि उत्तिकै छ । आर्थिक वर्ष २०७८/०७९ मा पाँच लाख ८० हजार नौ सय ६९ पुरुष र ४९ हजार एक सय २८ महिला गरी छ लाख ३० हजार ९७ वैदेशिक रोजगार मा गएका थिए । यो त सरकारी तथ्याङ्क मात्र हो यि बाहेक गैर तथ्याङ्कीय विवरण अझै छैनन् भन्न सकिदैन । मानव बेचविखन तथा ओसारपसारको विषय नयाँ विषय होइन । पहिले–पहिले नेपाली महिलाहरुलाई बम्बईको कोठीमा बेच्ने कुराहरुको निकै चर्चा हुन्थ्यो । हाम्रो सन्दर्भमा बेचविखन भन्ने बित्तिकै हाम्रा चेलीहरु बम्बईको कोठीमा यौनधन्दाका लागि बेचिन्छन् भनेर बुझिन्थ्यो । तर अब अवस्था यतिमै सीमित छैन । बेचविखनका विभिन्न स्वरुपहरु देखा परेका छन् । यौनधन्दा, श्रम शोषणदेखि अंग प्रत्यारोपणसम्मका लागि मानव बेचविखन हुने गरेको छ ।

वैदेशिक रोजगारका नाममा बेचविखन र ओसारपसारको क्रम झनै बढेको छ । कोठीहरुमा यौनधन्दा चलाउन बेचिनेहरु बम्बईमा मात्रै होइन, अन्य धेरै मुलुकमा बेचिन थालेका छन् । महिलाहरुलाई मात्रै होइन, पुरुषहरु पनि बेचविखनको शिकार भइरहेका छन् । पहिले छिटफुटरुपमा एकाध व्यक्तिले व्यक्तिगतरुपमा बेचविखनको धन्दा चलाउने गर्थे भने अहिले बेचविखनमा संलग्नहरु संगठित भएर काम गरिरहेको अवस्था छ । अभाव, दुःख, पीडामा रहेकाहरुलाई जागिर लगाइदिने, राम्रो काम दिलाइदिने प्रलोभन देखाउँदै अनेकखाले झुठा बाचा गरेर दलालहरुले धेरैलाई सजिलै आफ्नो जालमा पार्न सफल भइरहेका छन् । यसतर्फ पालिकाहरुमा स्थापना भएको रोजगार सेवा केन्द्र तथा सामी परियोजनाहरुबाट सन्देश प्रवाह भैरहेका छन् । यस इकाइबाट थप व्यापकता दिई सुरक्षित वैदेशिक रोजगारीलाई सुनिश्चित गर्नु आवश्यक छ ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |


# श्रम आप्रवासनको सामाजिक लागत



◆ असलेशा लुइँटेल

मानिसको आवागमन/बस्ने/गतिशीलता मानव जीवन र सभ्यताको हरेक पक्षमा सकारात्मक र नकारात्मक प्रभाव पार्ने पुरानो घटना हो । जुन पुस्तादेखि पुस्तासम्म जारी रहेको छ । बसाइँसराइ मानिसको आवागमनको प्रक्रिया हो र मानव सभ्यताको एक ज्ञात पक्ष हो । प्रविधिमैत्री वातावरणका कारण सम्भव भएकाले आज बढेको बसाइँसराइको उच्च दर हेर्न सकिन्छ ।

श्रम आप्रवासन आप्रवासनको एउटा शाखा हो । जसले रोजगारीको उद्देश्यका लागि मानव गतिशीलतालाई जनाउँछ । श्रम आप्रवासनले आज आर्थिक योगदानका लागि क्षेत्रगत रूपमा (राष्ट्रिय, क्षेत्रीय, अन्तरराष्ट्रिय बजार) हतियारको रूपमा काम गर्छ । धेरै विकासोन्मुख देशहरूमा पूर्ण रोजगारीको अवसरको अभाव र उत्पत्तिको देशमा मर्यादित कामको अभावको कारणले गर्दा श्रम आप्रवासन द्रुत गतिमा व्यक्तिहरूको लागि जीविकोपार्जन रणनीतिको स्रोत भएको छ । श्रमिक आप्रवासीहरू उच्च ज्यालादर, विलासी जीवनको खोजबाट उत्प्रेरित हुन्छन् जुन मूल देशमा तुलनात्मक रूपमा सजिलै प्राप्त गर्न सकिँदैन ।

विश्व आप्रवासन प्रतिवेदनअनुसार, हालको विश्वव्यापी अनुमानअनुसार सन् २०२० मा विश्वमा २८१ मिलियन अन्तर राष्ट्रिय आप्रवासी थिए, जुन विश्वको जनसंख्याको ३.६ प्रतिशत हो । समग्रमा, विगत ५ दशकमा अन्तरराष्ट्रिय आप्रवासीको अनुमानित संख्या बढेको छ । सन् २०२० मा आफ्नो जन्म भएको देश बाहेक अन्य देशमा बसोवास गर्ने कुल अनुमानित २८ करोड १० लाख मानिस सन् १९९० को तुलनामा १२ करोड ८० लाख बढी र सन् १९७० को अनुमानित संख्याभन्दा तीन गुणा बढी थियो ।

नेपालको सन्दर्भमा सन् २००८/०९ देखि २०२१/२२ सम्म विदेशमा काम गर्न चाहने नेपालीलाई ४७ लाखभन्दा बढी नयाँ श्रमस्वीकृति दिइएको थियो । अहिलेको समयमा मानिसहरू आफ्नो गन्तव्य देशमा पलायन हुने क्रम बढेको छ । यसले विप्रेषणको माध्यमबाट अर्थतन्त्रमा ठूलो प्रभाव पारेको छ । अर्कोतर्फ, यसले मूल देशमा विभिन्न सामाजिक लागतहरू पनि सृजना गरेको छ ।

नेपालको संविधानमा प्रत्येक नागरिकको हकको रक्षा गर्ने आधारभूत हतियारले सम्मानपूर्वक बाँच्न पाउने नागरिकको सम्मानजनक जीवन जिउने अधिकारको रक्षा गर्ने व्यवस्था छ । संविधानको धारा १७ ले कुनै पनि पेशा वा रोजगारीमा संलग्न हुन पाउने स्वतन्त्रताको व्यवस्था छ भने धारा ३४ ले श्रमसम्बन्धी अधिकारको प्रत्याभूति गरेको छ भने धारा ३३ ले प्रत्येक नागरिकलाई रोजगारी छनोट गर्ने हक हुनेछ भनी उल्लेख गरेको छ । साथै संविधानको धारा १८ मा समानताको हकको प्रत्याभूति गर्दै सबै नागरिकलाई कानूनको समक्ष समानता र कानूनको समान संरक्षण सुनिश्चित गरिएको छ । यी सबै प्रावधानले आप्रवासी कामदारले राष्ट्रको नागरिकका रूपमा प्रयोग गर्न सक्ने अधिकारहरूलाई पनि संकेत गर्छ । वैदेशिक रोजगार ऐनको दफा ७५ मा वैदेशिक रोजगारीसम्बन्धी समग्र विषयलाई नियन्त्रण गर्ने साथै युद्ध, महामारी र प्राकृतिक प्रकोपका कारण तत्काल नेपाल फर्किनुपर्ने कामदारलाई कूटनीतिक नियोगमार्फत स्वदेश फर्काउने व्यवस्था मिलाउन सरकारले स्पष्ट व्यवस्था गरेको छ । ऐनले वैदेशिक रोजगार कल्याणकारी कोषलाई गन्तव्यबाट उद्धार गर्नका लागि प्रयोग गर्ने व्यवस्था पनि गरेको छ । त्यसैगरी ऐनको दफा ५५ ले करारविपरीत काम गरे वा गराएमा सजाय हुने व्यवस्था गरेको छ । यो प्रावधानले आप्रवासी कामदारहरूको सम्पूर्ण प्रक्रियामा इजाजतपत्रदातालाई जिम्मेवारी दिनुपर्ने हुन्छ । वैदेशिक रोजगारीमा गएका कामदारलाई गन्तव्यबाट उद्धार गरेपछि पनि इजाजतपत्र प्राप्त गर्नेहरू जिम्मेवार छन् । तसर्थ, वैदेशिक रोजगार ऐनले गन्तव्य मुलुकबाट आप्रवासी कामदार लाई उद्धार गर्न कानूनी आधारको व्यवस्था गरेको छ ।

स्थानीय सरकारको अधिकारसँग सम्बन्धित प्रावधानलाई कार्यान्वयन गर्न र स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारबीच समन्वय, सहअस्तित्व र सहकार्य प्रवर्द्धन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी गरिएको छ । ऐनले स्थानीय सरकारलाई सुरक्षित बसाइँसराइलाई सहयोग पुऱ्याउनका लागि आवश्यक कदम चाल्ने आधार प्रदान गरेको छ । ऐनले सुरक्षित वैदेशिक रोजगारी र फर्केकाहरूको सामाजिक पुनः एकीकरण सम्बन्धी तथ्याङ्क र सूचनाको संकलन र व्यवस्थापन गर्ने व्यवस्था गरेको छ ।

श्रम आप्रवासनलाई नेपालका लागि रोजगारी र विप्रषणको महत्त्वपूर्ण स्रोतका रूपमा विकास गरिएको छ । यसले सकारात्मक र नकारात्मक दुवै प्रभाव पार्छ ।

### श्रम आप्रवासनको सामाजिक लागत

श्रम आप्रवासनको सामाजिक लागत वाहकहरू हामी हौं, गैर–आप्रवासीहरू । यो मुद्दा हाम्रो हो । श्रम आप्रवासनको सामाजिक लागत सामान्यतया मूल देशमा बसोवास गर्ने मानिसहरूले श्रम आप्रवासनको कारणले वहन गर्ने लागतलाई जनाउँछ । सामाजिक लागतले विभिन्न आयामहरू समावेश गर्छ र यो उच्च समय हो कि यो क्षेत्र सबैको ध्यान आवश्यक छ । मूल देशमा बसोवास गर्ने मानिसहरूले सामना गर्नुपर्ने समस्या र बेफाइदाहरू वास्तवमा श्रम प्रवासको सामाजिक लागत के हो भनेर बुझ्नका लागि निर्णायक तत्त्व हो । सामाजिक लागतले आप्रवासी कामदारका परिवारका समस्याहरू, मूल देशका मानिसहरूमा द्रुत बसाइँसराइको सामाजिक प्रभावहरू, आप्रवासी कामदारहरूको मृत्युदरले आमन्त्रित गर्ने समस्याहरू र महिला आप्रवासीको नामसँगै आउने कलंकहरूलाई सम्बोधन गर्छ । श्रम प्रवासको तीव्र वृद्धिले आमन्त्रित गरेको अवस्थाले समाजमा सकारात्मक र नकारात्मक दुवै रूपमा आमूल परिवर्तन ल्याएको छ ।

### समस्या र चुनौतीहरु

**ब्रेन ड्रेन** : मानिसहरूको बसाइँसराइ पनि योगदानकर्ता दिमाग र ऊर्जाको प्रवास हो । यो श्रम प्रवासले सिर्जना गरेको नकारात्मक प्रभावको संकेत हो । उत्पत्तिको देश तीव्र रूपमा बसाइँसरइ विशेष गरी दिन प्रतिदिन बढ्दै गएको श्रम आप्रवासनका कारण दक्ष जनशक्तिको अभावको स्थितिमा हुनेछ ।

गन्तव्य देशमा आप्रवासी कामदारहरूको मृत्युको कारणले पार्ने प्रभावहरू : हरेक वर्ष करीब १ हजार नेपाली आप्रवासी कामदारको विदेशमा मृत्यु हुने गरेको छ, जसमध्ये अधिकांश खाडी र मलेशियामा छन् । कार्यस्थल दुर्घटना र हृदयघातका कारण आप्रवासी कामदारहरूको मृत्युलाई राम्ररी अभिलेखीकरण गरिएको छ तर आत्महत्यालाई कम ध्यान दिइएको छ । गन्तव्य देशहरूमा आप्रवासी कामदारको मृत्युले मूल देशमा बसोवास गर्ने परिवारहरूलाई मनोवैज्ञानिक, सामाजिक, आर्थिक प्रभाव धेरै जोखिममा परेको छ । उदाहरणका लागि, एक परिवारका श्रीमान् मलेशियामा काम गर्दै छन् र नेपालमा आफ्नो परिवारलाई पैसा पठाउँदै छन् । उनको श्रीमती र २ छोराछोरी छन् । उनकी श्रीमती बेरोजगार छिन् र पतिले पठाउने पैसामा पूर्ण रूपमा भर पर्छन् । अचानक १ दिन कार्यस्थलमा आगो लागेर गन्तव्य देशमा श्रीमान्को असामयिक मृत्यु हुन्छ । अहिले यो अवस्थामा नेपालमा श्रीमती र छोराछोरीको अवस्था कस्तो होला भनेर कसैले कल्पना गर्न सक्दैन । अर्को उदाहरण हुन सक्छ, कतारमा काम गरिरहेको छोरो अचानक बेरोजगार हुन्छ र आफूलाई धान्न र नेपालमा गरीबीमा बाँचिरहेका आफ्ना बाबुआमालाई पैसा पठाउनका लागि जागीर पाउन सक्दैन । परिवारको आर्थिक अवस्था अलि अगाडि बढ्न सकियोस् भनेर आमाबुबाले सबै सम्पत्ति बेचेर कतार पठाए । तर, छोरा आफैले जागीर पाउन संघर्ष गरिरहेको अवस्थामा परिदृश्य फेरिएको भएको हुन्छ । दुःख सहन नसकेर छोराले आत्महत्या गर्छ । यो घटनापछि यहाँ बसोवास गर्ने अभिभावकले कस्तो परिस्थिति र असर र पीडा भोग्नुपरेको छ, हामी कल्पना गर्न सक्दैनौं । यी वास्तविकसँग सापेक्षिक उदाहरणहरू थिए, आप्रवासी कामदारहरूको उच्च मृत्यु अनुपातका कारण धेरै परिवार गम्भीर रूपमा प्रभावित भएका छन् । गन्तव्य देशमा मेहनत गर्ने एउटै सदस्यमा भर परेका परिवारसँग व्यक्तिको मृत्युपछि

*बाँकी पृष्ठ ३ मा*

## श्रम आप्रवासनको ... . .

जोखिममा बाँच्नुको विकल्पबाहेक अरू केही छैन । धेरै पत्नी, पति, छोरा, छोरी, बुबा र आमाहरूले सबै कुरा गुमाउँछन् र आफ्नो जीवन समाप्त गर्ने प्रयास पनि गर्छन् किनभने तिनीहरूसँग एक मात्र विकल्प हुनेछ जुन, कमजोर र विनाशकारी जीवन बिताउनु हो ।

***फर्किएका महिला आप्रवासी कामदारहरुलाई गलत आरोप लगाउने पूर्वकल्पित धारणा :*** विगतका दिनहरूमा पनि यो गम्भीर छलफलको विषय बनेको छ र अहिलेसम्म हामीले यो कुरा चलिरहेको महसूस गर्न सक्छौं । आप्रवासी महिला कामदारहरूलाई गरिने व्यवहार र उनीहरूका चरित्रलाई चित्रण गर्ने तरीकाले महिला फर्केका आप्रवासी र उनीहरूका परिवारको जीवनमा गम्भीर असर पारेको छ । यस्ता चित्रणले महिलाको ज्यान जोखिममा पार्छ किनकि हामीसँग आत्महत्या र डिप्रेशनका धेरै उदाहरण छन् । आप्रवासीबाट फर्केका महिलाहरू प्रायः स्लट भनिने शिकार हुन्छन् । उनीहरूले आफ्ना पति र प्रेमीबाट स्वीकृतिको समस्या पनि सामना गर्छन् ।

**बसाइँसराइले ल्याएका पारिवारिक समस्याहरु :** परिवार बिछोड, वैवाहिक सम्बन्धमा मनमुटाव र बढ्दो सम्बन्ध विच्छेदका कारण श्रम बसाइँसराइले ल्याएको गम्भीर पारिवारिक समस्या हुन् । श्रीमान्–श्रीमतीबीच शारीरिक दूरी बढेपछि सम्बन्ध फिक्का हुन्छ । दुवैले सम्बन्ध विच्छेदमा योगदान पुऱ्याउने दूरीका समस्याहरू अनुभव गर्न थाल्छन् ।

### मूल देशबाट बाहिर जाने पैसा

हामी प्रायः विप्रेषणलाई मात्रै बसाइँसराइको सकारात्मक पक्षहरूका लागि चर्चाको मुख्य विषय बनाउँछौं । तर, विप्रेषणका अलावा, हामीलाई हाम्रो देशबाट बहने अर्थतन्त्रका बारेमा थप अध्ययन र हस्तक्षेप चाहिन्छ ।

घाइते र बिरामी कामदारहरूको सन्दर्भमा मूल देशले सामना गर्नुपर्ने बोझ पनि थुप्रै छन् । गन्तव्य देशमा कार्यस्थलमा सरसफाइ र सुरक्षाको मर्मत सम्भारमा भएका विभिन्न कमजोरीहरूका कारण धेरै कामदारहरू या त घाइते वा गम्भीर बिरामी भएर फर्कन्छन् । यसले मूल देशको सरकारलाई थप बोझ खडा गर्छ र यो प्रगतिको राम्रो संकेत होइन । देशमा युवाको अभावले विकासलाई प्रत्यक्ष असर गर्छ । मूल देशमा श्रमिकको अभाव हुन्छ ।

### अबको बाटो

श्रम आप्रवासनको सामाजिक लागतलाई सम्बोधन गर्न सरकारले नीतिहरू बनाउनुपर्छ । आप्रवासी कामदारका परिवार र आप्रवासी कामदार हरूका लागि थप मनोसामाजिक परामर्श सरकारले नै लागू गर्नुपर्छ । आप्रवासी कामदारहरूलाई उनीहरूले जस्तै थप मान्यता र सम्मान सुनिश्चित गरिनुपर्छ आप्रवासी कामदारहरू हाम्रो अर्थव्यवस्थाका ठूलो योगदानकर्ता हुन् । ती नीतिहरूको कार्यान्वयनमा देखिएका लुप होलहरूबारे कार्ययोजना छानबिन गरिनुपर्छ । सरकारले गन्तव्य मुलुकहरूसँग द्विपक्षीय श्रम सम्झौतामा बसाइँसराइको सामाजिक लागतलाई सम्बोधन गर्न सहयोगसम्बन्धी प्रावधानहरू लागू गर्नुपर्छ । आप्रवासीहरूको मृत्युपछि पनि उनीहरूको परिवारको जीवन निर्वाह गर्ने सहायता प्रणालीको प्याकेजहरूको विकास, सामाजिक लागत घटाउन राम्रो योगदानकर्ता हुन सक्छ । बसाइँसराइ, सामाजिक लागत र बसाइँसराइको प्रक्रियाबारे विभिन्न क्षेत्रमा जनचेतना दिनुपर्छ । उत्पत्ति मुलुकबाट बाहिरिने अर्थतन्त्रको सरकारले उचित अध्ययन र विश्लेषण गर्नुपर्छ । बसाइँसराइका कारण आप्रवासीका परिवार/बालबालिका/समाजमा पर्ने असरहरूको पनि उचित अध्ययन हुनुपर्छ । वैदेशिक रोजगारीबाट फर्किएका महिला कामदारलाई देखाइएको नकारात्मक चित्रणप्रति सरोकारवाला, सरकार र सञ्चारमाध्यमको ध्यानाकर्षण गराउनु अति आवश्यक छ । र, आप्रवासन र न्यूनीकरण रणनीतिहरूको सामाजिक लागतको बारेमा सामान्य मानिसहरूलाई जागरूकता जगाउन जरूरी छ ।

सामाजिक लागत एक ध्यान नपुगेको मुद्दा बनेको छ जसमा थप ध्यान आवश्यक छ । यो लेखले सरल र आधारभूत सर्तहरूको गठन गर्छ जससँग हामी धेरै परिचित नै छौं । तर, यस लेखमा सरकार, सरोकारवाला र आम जनताको ध्यानाकर्षण गराउने प्रयासमा छोटो तर महत्वपूर्ण सन्देश छ जसलाई सम्बोधन गर्नु अत्यन्त आवश्यक र महत्त्वपूर्ण छ । यो मुद्दा हाम्रो हो र हामीले यसको वकालत गर्नुपर्छ ।

*(लेखक काठमाडौं स्कूल अफ लकी विद्यार्थी हुन् ।)*

## *शल्यक्रिया मार्फत जन्मेको बालबालिकामा*

# दमको जोखिम

सामान्यतया दमको समस्या वयस्क वा वृद्ध–वृद्धालाई हुन्छ भन्ने धेरैको बुझाइ हुन्छ । तर बालबालिकामा देखिने प्रमुख दीर्घरोगमा पर्छ दम । संसारका विभिन्न मुलुकमा गरिएको अध्ययनअनुसार सन् १९८० देखि नै पाँचदेखि ६ प्रतिशत बालबालिकामा दमको समस्या देखिएको छ । हालसालै भएका अध्ययनअनुसार १० प्रतिशत बालबालिकामा दमको समस्या देखिएको छ ।

### बालबालिकामा दमको समस्या:

यो जिज्ञासा धेरै अभिभावकलाई हुन सक्छ । तर पहिले पनि बालबालिकालाई बेलाबेलामा खोकी लाग्ने, स्याँस्याँ हुने ज्वरो आउने समस्या देखिन्थ्यो । यस्तो समस्यालाई निमोनिया भनेर अभिभावकले पटकपटक अस्पताल लगेर आईसीयूमा भर्ना गर्थे, एन्टिबायोटिक खान दिइन्थ्यो । तर त्यो समस्या बारम्बार दोहोरी रहेको थियो भने त्यो दमको कारण भनेर दमको पहिचान नभएको हुन सक्छ । साथै अहिले धुलो, धुवाँ, प्रदूषणको कारण पनि बच्चामा दमको समस्या बढेको हुन सक्छ ।

### दम भए देखिने लक्षण:

दमको लक्षण बच्चामा उमेरअनुसार फरक पर्छ । पाँच वर्षभन्दा कम उमेरका बच्चामा रूघा लाग्नेबित्तिकै सास छिटोछिटो फेर्ने, कोखा हान्ने, स्याँस्याँ हुने र निमोनिया जस्तो लक्षण देखिने हुन्छ । पाँच वर्षमाथिका बच्चामा स्याँस्याँ भइरहने, दौडिंदा खेल्दा सास फेर्न गाह्रो हुने, खोकी लाग्ने समस्या हुन्छ ।

१० वर्षभन्दा माथिका बच्चामा हिंड्दा दौडिंदा खोकी लाग्ने, स्याँस्याँ हुने, सास फेर्न गाह्रो हुने जस्ता लक्षण देखिन्छ । यो समस्या सधैंभरि देखिंदैन, कहिले लक्षण देखिने र कहिले नदेखिने हुन्छ ।

यी समस्या चाँडै निको हुने र बल्झिने भइरहन्छ । कुनै बच्चालाई एक महिनामा बल्झिने हुन्छ भने केहीलाई दुई महिनादेखि एक वर्षसम्ममा पनि बल्झिन्छ ।

### दमको समस्या देखिनुको कारण:

बच्चामा दम कुनै एउटा मात्र कारणले भन्दा पनि विभिन्न कारणले हुने गर्छ । विभिन्न कारणमध्ये वंशाणुगत कारण परिवारका सदस्यमा दमको समस्या छ भने बच्चामा वंशाणुगत रूपमा यो समस्या देखिने भयो ।

अर्को वातावरणीय प्रदूषण, धुवाँ धुलो, फूलको परागको कणबाट हुने एलर्जीले पनि बच्चामा दमको समस्या देखिन्छ । अहिले जंकफुड, प्याकेट फुड जस्तो खराब खानपान र शारीरिक रूपमा निष्क्रिय बच्चामा पनि दमको जोखिम बढ्न सक्छ ।

### दम र निमोनिया छुट्याउने तरिका:

कतिपय अभिभावक मेरो बच्चालाई महिनामा दुई–तीन पटक निमोनिया भयो भन्दै आउँछन् । रोग प्रतिरोधात्मक क्षमता कमजोर भएको, एचआईभी एड्स वा जन्मजात फोक्सोको समस्या भएको बच्चाबाहेक सामान्य खेलिरहेको, खाइरहेको बच्चालाई पटकपटक निमोनिया नै हुँदैन ।

बेलाबेलामा धेरै खोकी लाग्ने, स्वाँस्वाँ हुने, सास फेर्न गाह्रो हुने लक्षण निमोनिया नभएर दम हो । बच्चालाई सास फेर्न गाह्रो भएर अस्पताल लगेर बाफ लगाउने बित्तिकै ठीक हुन्छ भने त्यो दम हो ।

निमोनिया हुँदा बच्चालाई धेरै ज्वरो आउने, कमजोर हुने जस्ता लक्षण देखिन्छ । निमोनियाको उपचारमा समय पनि लाग्छ ।

### खाना बार्ने कि नबार्ने:

धेरै चिसो खानेकुरा, गुलियो खानेकुरा, जंकफुड, एउटै तेल धेरै पटक प्रयोग गरेर पकाएको खानेकुराले असर गर्न सक्छ । त्यसैले यस्ता खानाबाट टाढा रहनुपर्छ । कुनै खानेकुरा खाने बित्तिकै बच्चालाई एलर्जी हुन्छ भने त्यसबाट पनि उनीहरूलाई टाढा राख्नुपर्छ ।

कतिपय अवस्थामा केरा सुन्तला जस्तो फलफूल खानु हुँदैन भनेको पनि सुनिन्छ । तर फलफूल त बच्चाको स्वास्थ्यका लागि राम्रो हो । यदि केरा वा सुन्तला कुनै एउटा फलफूल खाने बित्तिकै बच्चालाई गाह्रो हुन्छ भने दिनु हुँदैन । नत्र फलफूल बार्नु पर्दैन ।

दूध तथा दूधबाट बनेका परिकार पनि बार्नुपर्छ भनेको सुनिन्छ । तर दूध तथा दूधबाट बनेका परिकार बच्चाको शारीरिक मानसिक विकासको लागि महत्त्वपूर्ण हुन्छ । दूध खाने बित्तिकै एलर्जी हुन्छ भने बार्नुपऱ्यो, नत्र यस्ता दुग्धजन्य पदार्थ पनि बार्नु पर्दैन ।

### दम देखा पर्ने कारण:

प्रदूषण मुख्यतया दुई प्रकारको हुन्छ । एउटा बाहिरी वायु प्रदूषण र अर्को भित्री वायु प्रदूषण । गाउँघरमा खाना पकाउँदा दाउराबाट निस्किएको धुवाँ, खाना पकाउँदा प्रयोग हुने तेलको धुवाँ, लामखुट्टे भगाउने धूप र भान्साबाट निस्किने अन्य धुवाँ आदि भित्री वायु प्रदूषण हो । साना बच्चा घरमा नै बस्ने भएकाले उनीहरू यसको सम्पर्कमा आउँछन्, जसले गर्दा बच्चामा दमको जोखिम बढ्छ । साथै केही आमा बाहिरको काम गर्छन् भने बाहिरको धुवाँ–धुलोको सम्पर्कमा पनि बच्चा आउने भए यसले पनि जोखिम बढाउँछ ।

बच्चाहरू छिटोछिटो सास फेर्छन्, जसले गर्दा प्रदूषण पनि छिटोछिटो भित्र छिर्ने भयो । साथै उनीहरू मुखले धेरै सास फेर्छन् । नाकले सास फेर्ने भएको भए धुवाँधुलो फिल्टर हुन्थ्यो, तर मुखले सास फेर्ने भएकाले प्रदूषण सिधै भित्र छिर्ने भयो ।

बालबालिकाको रोगप्रतिरोधात्मक क्षमता कमजोर हुन्छ । बच्चाको फोक्सोको विकास राम्ररी भएको हुँदैन जसले गर्दा प्रदूषणले उनीहरूको फोक्सोको विकास क्रमलाई नै असर समेत गर्छ । त्यसैले बालबालिकालाई प्रदूषणबाट बचाउनुपर्छ ।

### उपचार विधि:

दम कति बल्झिन्छ र कति गम्भीर रूपमा देखा पर्छ त्यसको आधारमा उपचार हुन्छ । दमको उपचारमा खाने औषधि प्रयोग गरिंदैन । खाने औषधिको धेरै साइड इफेक्ट हुने भएकाले सिधै श्वासनलीमा औषधि दिइन्छ । सिधै श्वास लिने औषधिमा एउटा नेबुलाइजर र अर्को इनहेलर हो । यस्ता औषधिको साइड इफेक्ट हुँदैन ।

दमको समस्यामा एउटा तुरून्त आराम दिने र अर्को नियन्त्रण गर्ने । औषधि कति समय प्रयोग गर्ने भन्ने कुरा बच्चाको लक्षणमा भर पर्छ । बच्चालाई वर्षमा एक पटक गाह्रो हुन्छ भने गाह्रो भएको बेलामा औषधि लगाउनुपऱ्यो । बच्चा छिटोछिटो बिरामी हुन्छ भने दैनिक औषधि लगाउनुपर्छ ।

दम दीर्घरोग भए पनि उच्च रक्तचाप, मधुमेह जस्तो औषधि जीवनभरि प्रयोग गर्नु नपर्ने हुन सक्छ । दुई तीन महिना राम्ररी नियन्त्रण भयो भने औषधि छुट्न सक्छ । तर कतिपय अवस्थामा यो फेरि बल्झिन पनि सक्छ ।






# चित्रकलामा सुदिक्षा प्रथम



◆ विकास संवाददाता

थाहा नगरपालिका वडा नम्बर १ को सहयोग तथा सुनौलो सामुदायिक सिकाइ केन्द्रको सहकार्य र वडास्तरीय बाल संजालको आयोजनामा बाल चित्रकला प्रयिोगिता भएको छ । योग ध्यान कार्यक्रमसहित सुनौलो विकास केन्द्रको सभाहलमा भएको प्रतियोगितामा ७० जनाको सहभागिता रहेको थियो । चित्रकला प्रतियोगितामा भने ४० बालबालिकाको सहभागिता थियो ।

चित्रकला प्रतियोगितामा सुदिक्षा गोपालीले प्रथम, सुनिशा गोपालीले द्वितीय, करिना तामाङ्ले तृतीय र अरस्तोगी गोपालीले सान्त्वना भएका छन् । थाहा नगरपालिका वडा नम्बर १ का वडा अध्यक्ष हेरमान गोपालीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा वडा सदस्य अनिता बल, सुनौलो सामुदायिक सिकाइ केन्द्रका अध्यक्ष रूपचन्द्र गोपाली, जीवन्त शिक्षाका अध्यक्ष तथा योग गुरू राजन बिडारी, सिकाइ केन्द्र समुदाय परिचालक रेनु गोपाली लगायतको आतिथ्यता रहेको थियो ।

बाल सञ्जालकी अध्यक्ष सीता गोपालीको सभाध्यक्षतामा भएको कार्यक्रममा योग, ध्यान अभ्यास साथै जीवन्त शिक्षा बारे जीवन्त शिक्षाका अध्यक्ष तथा योग गुरू राजन बिडारीले योग संगसंगै ध्यान तथा जीवन्त शिक्षाको महत्वबारे प्रशिक्षण दिएका थिए । प्रमुख अतिथि तथा वडा अध्यक्ष हेरमान गोपालीले सुनौलो बिकास केन्द्रले संचालन सुरूवात गरेको योग ध्यान साधनाको प्रभाव नगरस्तरमा रहेको बताए । उनले थाहानगरले योग ध्यान कार्यक्रमलाई थाहा नगरका सबै विधायालयहरूमा हरेक शुक्रबार संचालन गर्ने नीति तथा कार्यक्रम समेत पारित गरी कार्यान्वयनको चरणमा रहेको जानकारी गराए । कार्यक्रमको समापन बाल क्लब संजाल अध्यक्ष सीता गोपालीले गरिन् ।

# पर्यटकको रोजाई 'पालुङ–आग्रा ट्रेकिङ'

◆ विकास संवाददाता

मकवानपुरको पर्यटकीय नगरी थाहामा अन्य घुमफिर जस्तै ट्रेकिङ आउने पर्यटकहरूको संख्या वृद्धि भएको छ । थाहामा १३ साउनमा मात्र स्थानीयसहित डेढसय आन्तरिक तथा बाहि्य पर्यटकहरूले 'पालुङ–आग्रा ट्रेकिङ' गरेका छन् । स्थानीयसहित हेटौंडा हाइकर्स र काठमाण्डौं हाइकिङ ग्रुपको टिमले हाइकिङ गरेको हो ।

थाहानगरको शिखरकोटबाट शुभारम्भ हुने यस ट्रेकिङ रूटमा धार्मिक, साँस्कृतिक, ऐतिहाँसिक तथा प्राकृतिक मनोरमताले भरिपूर्ण छ । पालिकाको वडा नम्बर ३, २ र ७ को भौगोलिक क्षेत्रमा फैलिएको करिब १४ किलोमिटरको यस यात्रामा थाहा आन्दोलनका प्रणेता रूपचन्द्र विष्टको पूर्ण कदको शालिकसहित विकासको कन्सेप्टुको उदय भएको विकास घर, ऐतिहासिक गोपाली बस्ती, गोरखनाथ मन्दिर, त्रिवेणी शंखमूल, ऐतिहासिक पालुङ शहरको मौलिक संस्कृति तथा इतिहास बोकेको पाःल्वँ, पाण्डुकेश्वर मन्दिर, स्थानीय मौलिकता बोकेको डाँडाघरे बा को होमस्टे, पाथीभरा मन्दिर, पालुङगढी, भकारी ढुङ्गा, उनीउ चौर, डाँडाबास पार्क र तामाङ संस्कृति प्रमुख आकर्षण हुन् । १३ साउनमा आएका हाइकिङ टिमलाई थाहा नगरपालिकाका



उपप्रमुख भरत गोपाली, पालुङका स्थानीय, वडा नम्बर २ का जनप्रतिनीधिहरूले फुलको गुच्छा, खादा लगाई नेवारी संस्कृति झल्कनेु सगुनुसहित पालुङ शहरको डबलीमा स्वागत गरिएको थियो ।

पर्यटकहरूलाई पालुङ शहरमा नेवारी बाजागाजासहित स्वागत गरिएको थियो । उनीहरूलाई स्थानीयले लिटिल लाखे नाच समेत प्रदर्शन गरी साँस्कृतिक मनोरञ्जन दिएका थिए । फाँटबजारमा पालुङका महिलाहरू पञ्जेबाजा बजाएर स्वागत गरेका थिए । स्थानीय जनप्रतिनीधिहरू सहितको सहभागितामा घुम्न आएका पर्यटकहरूलाई स्वागत गरिएको हो । मनहरी गाउँपालिकादेखि घुम्न आएका गणेश दर्पण अधिकारीले खुशी व्यक्त गरे । पदयत्राको बाटो अलि असहज बताएका उनले पर्यटकीय आकर्षणका स्थानहरूले मन हर्षित भएको प्रतिक्रिया दिए । काठमाण्डौं हाइकिङ ग्रुपबाट घुम्न आएका अर्को एक पदयात्रीले साँस्कृतिक बाजागाजासहित स्वागत र काठमाण्डौ नजिकैका डाँडाकाँडा घुम्न पाएकोमा खुशी व्यक्त गर्दै सबै सेवा सुविधा राम्रो भएको यस ठाउँमा ट्रेकिङ पार खीहरूलाई 'पालुङ–आग्रा ट्रेकिङ' आउन अपील गरे । पालुङ आग्रा ट्रेकिङमा पर्यटकहरू प्रायः विदाका दिन तथा शनिबार पर्यटकहरू आउने गरेका छन् ।

# वडाध्यक्षको आव्हानमा सडक मर्मतमा श्रमदान

◆ विकास संवाददाता

हेटौंडाबाट भीमफेदी, कुलेखानी, महालक्ष्मी दोभान हुँदै चखेल, देउराली भएर काठमाडौंको सतुंगल जोड्ने मार्ग मर्मतमा स्थानीय आफैं जुटेका छन्। हेटौंडा र काठमाडौं जोड्ने सबभन्दा छोटो सडक भएकाले सुमो र साना निजी सवारीसाधन यहाँबाट आवतजावत गर्छन् ।

बागमती प्रदेश सरकारबाट दुई खण्डमा विभाजन गरी काम हुँदै आएको उक्त सडकको मकवानपुरतर्फ भन्दा काठमाडौंतर्फको सडक बिग्रिएको छ । दुवै खण्डको काममा ढिलाइ र लापरबाही भएको भन्दै स्थानीय जनप्रतिनिधि र सडक निर्माण सरोकार समितिले बागमती प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालय र मातहतका निकायको ध्यानाकर्षण गराएका थिए। मकवानपुरको इन्द्रसरोवर गाउँपालिका–५ का वडाध्यक्ष दुतराज तितुङले उक्त मार्गको चखेल–देउराली–धारापानी सडकखण्डका मोडमा सवारीसाधन आवतजावत गर्न समस्या भएकाले श्रमदानका लागि आह्वान गरेका थिए । वडाध्यक्ष तितुङको आह्वानपछि वडाका झन्डै ५० जनाले १० साउनमा श्रमदान गरेका थिए । तीमध्ये अधिकांश रोजगारी र अध्ययनका लागि काठमाडौं बस्दै आएका सोही गाउँपालिकाका युवा थिए। "मोडहरूमा कतै ढुङ्गा उठेको त कतै दबिएको, कतै अधिक खाल्टाखुल्टीका कारण गाडी चिप्लने र फस्ने समस्या थियो । श्रमदानबाट सुधारको काम भयो, अब सुमोलगायतका सवारीसाधन पानी पर्दा चल्ने गरी कामचलाउ भएको छ," वडाध्यक्ष तितुङले भने ।

उनले गत असार १५ गते सडकको समस्याबारे प्रदेशको भौतिक पूर्वाधार मन्त्रालयमा छलफल भए पनि समस्याको सुनुवाइ नभएको र निर्माण कम्पनीलाई पटक पटक ताकेता गर्दा पनि चासो नदिएको गुनासो गरे । महालक्ष्मी दोभान–मकैबारी खण्ड प्रदेशको पूर्वाधार विकास कार्यालय चितवनमार्फत र मकैबारीदेखि मातातीर्थ–सतुंगल खण्ड पूर्वाधार विकास कार्यालय ललितपुरमार्फत बोलपत्र आह्वान गरी काम भइरहेको छ ।

# बागमती गाउँपालिकाका कर्मचारीले अतिरिक्त काम गरे थप सुविधा पाइने



◆ विकास संवाददाता

मकवानपुरको बागमती गाउँपालिकाले कर्मचारीहरूले अतिरिक्त काम गरे अतिरिक्त सेवा सुविधा दिने भएको छ । ११ साउनमा पालिकाको समिक्षा बैठकमा बोल्दै पालिका अध्यक्ष सर्केश घलानले अतिरिक्त सेवासुबिधाको लागि अतिरिक्त कार्य गर्न कर्मचारीहरूलाई निर्देशन दिए ।

अध्यक्ष घलानले कर्मचारी राष्ट्रसेवक कर्मचारी राष्ट्रको खम्बा भएको बताउदै १० बजेदेखी ५ बजेसम्मको तलब सुबिधा बाहेक भत्ता अतिरिक्त सेवा सुविधाका लागि शुक्रबारको बाँकी समय र शनिबार पनि काम गर्नुपर्ने बताए । अध्यक्ष घलानले भने–'निर्धारित सेवाको लागि सुबिधा पनि निर्धारित नै छ भने अतिरिक्तको लागि अतिरिक्त खटिन जरूरी छ ।' उनले बागमती गाउँपालिकामा कर्मचारीहरूले उत्कृष्ट काम गर्दै आएको बताउदै आगामी दिनमा झन् उत्कृष्ट कार्य गर्न आग्रह गरे ।

राज्यले गरेको खर्चको उपलब्धी निकाल्न पनि उनले सझाए । कर्मचारीहरूलाई आफुले गरेको कार्यको प्रतिवेदन चुस्त दुरूस्त राख्न पनि आग्रह गरे। अध्यक्ष घलानले पालिकाको लगानीमा संचालित स्रोत साधनहरूले लगानीभन्दा दोब्बर कार्य प्रगती गराउने जिम्मेवारी पनि पालिकाको जनप्रतिनीधि सहित कर्मचारीहरूको भएकोले त्यसतर्फ ध्यान दिनूपर्ने उनको सुझाव रहेको थियो । यसको साथै सेवा दिने विषयमा सम्झौता नगर्न पनि उनले आग्रह गए ।

बैठकमा वडा सचिबहरू, बिषयगत शाखा प्रमुखहरूले कार्य प्रगती विवरण, समस्या, चुनौतीको साथै सुझाब समेत प्रस्तुत गरे । प्रस्तुतीकरणमा वडा अध्यक्षहरू, कार्यपालिका सदस्यहरू लगायतले जिज्ञासा राख्नुको साथै सुझाब दिएका थिए ।



# वडा योजना कार्यान्वयनमा जुट्यो, ५ स्थानमा उपभोक्ता भेला हुँदै

◆ विकास संवाददाता

थाहा नगरपालिका वडा नम्बर ३ ले आर्थिक वर्ष २०८०/०८१ का लागि स्वीकृत बजेटको योजना कार्यान्वयनका गर्न उपभोक्ता समिति गठनका लागि आव्हान गरेको छ । वडा कार्यालयले यही साउन महनिाभित्र उपभोक्ता समिति गठन गरिसक्ने गरी कार्ययोजना सार्वजनिक गरेको छ ।

वडा कार्यालयले ९ साउनमा सूचना प्रकाशन गरी वडाको विभिन्न पाँच स्थानमा उपभोक्ता भेलाका लागि आव्हान गरेको वडा अध्यक्ष हिरेन्द्र कुमार रायमाझीले जानकारी दिए । वडा कार्यालयले साउन १५ गते विहान ७ बजे दम्की, १६ गते विहान ७ बजे बागेखोला, १७ गते विहान ७ बजे डाँडागाउँ, १८ गते विहान ७ बजे गोपाली गाउँ र १९ गते विहान ७ बजे विकास घर शिखरकोटमा उपभोक्ता भेलाको आयोजना गरिएको अध्यक्ष रायमाझीले जानकारी दिए ।

स्वीकृत योजनालाई समयमै सम्पन्न गर्नका लागि कार्ययोजनासहित प्रक्रिया अघि बढाइएको अध्यक्ष रायमाझीले जानकारी दिए । वडा कार्यालयले गरेको सूचना अनुसार उपभोक्ता समिति गठनका लागि तोकिएको स्थान र समयमा उपस्थित हुन वडा कार्यालयले वडाबासीहरूमा अनुरोध गरेको छ ।

# मलमास मेलाः पालुङको मत्स्यनारायण मन्दिर र कुण्डमा भक्तजनहरुको चहलपहल बढ्दै

◆ विकास संवाददाता



मकवानपुर थाहा नगरपालिकाको वडा नम्बर २ सोल्टुमा रहेको मत्स्यनारायणको मन्दिर र कुण्डमा भक्तजनहरूको चहलपहल बढ्न थालेको छ । श्रावण महिनामा मलमास पर्दा नारायणको आराधना गर्न ठेलमठेल हुनुपर्ने यो मन्दिरमा यसवर्ष भने चहलपहल शुरू भएको छ । 'नजिकको तिर्थ हेला' भन्ने उखानलाई चरितार्थ गरी जिर्ण हुँदै जाँदा स्थानीय र वडा जनप्रतिनिधि समेतको सक्रियतामा मलमास स्नान गर्न आन्तरिक धार्मिक पर्यटकको चहलपहल शुरू भएको छ ।

यसवर्ष २ साउनबाट सुरू भएको अधिकमास (मलमास) स्नान गर्नका लागि मत्स्यनारायण मन्दिरको ढोका खोलिएको वडा नम्बर २ का वडा सदस्य युवराज बिष्टले बताए । बिष्टका अनुसार-'आफ्नै ठाउँमा भएको पवित्र तिर्थ स्थलको प्रचार प्रसार नहुँदा र स्थानीयले चासो नदिँदा नजिकको तीर्थ हेला भएको हो ।' सदस्य विष्टले आगामी दिनमा मन्दिरको मर्मत संभार गरी धार्मिक पर्यटक भित्राउन वडाले पहल गर्ने बताए । मलमास (पुरूषोत्तम मास)मा स्नान गर्न आउने भक्तजनहरूलाई स्नान गरिसकेपछि कपडा फेर्न र पानी परेमा ओत लाग्नको लागि वडाको ८० हजार रूपैयाँको आर्थिक सहयोगमा टूस निर्माण गरिएको स्थानिय अगुवा गोविन्द बहादुर कार्कीले बताए । ३० साउनका दिन मलमासको अन्तिम दिन भएकाले भव्य धार्मिक कार्यक्रमको आयोजना गर्ने तयारी भैरहेको स्थानीय विष्णु बहादुर थापाले बताए ।

साविक पालुङ गाविस वडा नम्बर ७ हाल थाहा नगरपालिका वडा नम्बर २ को मत्स्यनारायण मन्दिरको स्थापनाको लिखित इतिहास छैन । स्थानीय पाकापुस्ताको भनाइ अनुसार-'विक्रम सम्बत १९०० अघि नै मन्दिर र नारायणको मुर्ती प्रतिष्ठित गरी पाटी समेत निर्माण भएको हो ।' मन्दिर र मुर्ति पालुङ सोल्टु बस्ने स्वर्गिय शमशेर बहादुर बस्नेतले आफ्नो निजि खर्चमा स्थापना गरि नित्य पुजा र प्रत्येक दुईदेखि तीन बर्षको अन्तरालमा पर्न आउने अधिकमास (मलमास) अर्थात पुरूषोत्तम महिनाभर पुरूषोत्तम महात्म्य श्रवण र पुजाआजाको प्रवन्ध हुने गरेको स्थानीयहरू बताउँछन् । बस्नेतका सन्ततिले केही वर्ष अघिसम्म महात्म्य लगाउने गर्दै आएको भएपनि पछिल्लो समयमा उक्त कार्य स्थगित भएको बताइन्छ ।

अहिले पनि पुरूषोत्तम महिनामा मन्दिरको ढोका खोलिने र नजिकै रहेको खोलामा कुण्ड बनाइ स्नान गरी पुजा गर्ने चलन रहेको छ । अन्य समयमा भने मन्दिरको ढोका बन्द नै हुने गरेको छ । पालुङ फेदीखोला किनारमा माछा आकारको चट्टानमा निर्मित झट्ट हेर्दा शालिग्राम जस्तो लाग्ने होचो डाँडा भएको हुँदा मच्छेडाँडाको नामले प्रख्यात सो स्थानमा मत्स्यनारायण माध्यामिक विद्यालय, मन्दिर तथा पुस्तकालय भवन समेत रहेको छ । मन्दिरको पुर्व फेदीमा सप्तऋषिको मन्दिर र दक्षिण पाखोमा राधाकृष्णको मन्दिर रहेको छ । पालुङ उपत्यका भित्र अवस्थित चार नारायणको अलावा मत्स्यनारायणले पनि एतिहासिक तथा धार्मिक महत्व रहेको बुढापाकाहरू बताउँछन् । यस मन्दिरको प्रवर्द्धन, संरक्षण र प्रचारप्रसार गर्नुपर्ने स्थानीयहरको भनाइ रहेको छ ।

यसैबीच परम्परा अनुसार १२ महिनाको अधिपति अरूण, सूर्य, भानु नाममा सूर्य रहने तर अधिकमासको अधिपत्य सूर्यले स्वीकार नगरेका र यस्को अधिपत्य भगवान् पुरूषोत्तमले स्वीकार गरेकाले यो महिनालाई पुरूषोत्तम महिना भनिएको प्रसंग पुराणमा आउँछ । मलमासमा भगवान् नारायणको पूजा, पुरूषोत्तम माहत्म्य सुन्ने र दान गर्ने परम्परा छ । भगवान् नारायणको पूजा आराधना गर्नाले सम्पूर्ण पाप नष्ट हुन्छन् भन्ने धर्मग्रन्थमा उल्लेख छ । पुरूषोत्तम महिनामा गरेको पूजा अरू महिनाको भन्दा अधिक फल प्राप्त हुन्छ भन्ने विश्वास गरिन्छ । पुरूषोत्तम भगवानको ३३ नामले पूजाअर्चना गर्ने, नारायणको मन्दिरमा दर्शन गर्ने र महिनाको अन्त्यमा काँसको थालमा मालपुवा दान गर्ने परम्परा छ । काठमाडौंको मच्छेगाउँस्थित मत्स्यनारायणको मन्दिरमा महिनाभर मेला लाग्छ ।

# थाहाको चित्लाङमा पच्चिस शैय्याको अस्पताल निर्माण हुने



◆ विकास संवाददाता

मकवानपुर थाहानगर चित्लाङ्को मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय परिसरमा २५ शैय्या अस्पताल निर्माणको प्रस्ताव रहेको छ । विश्वविद्यालयको वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन प्रतिवेदनलाई अन्तिम रूप दिने तयारी समेत भएको छ । प्रस्ताव पारित भएपश्चात् अस्पताल निर्माणको समेत बाटो खुल्नेछ ।

विश्व विद्यालयको प्रस्तावित आयोजनामा अस्पतालसहित शैक्षिक भवन, कम्युनल भवन, ६ सय ७ कर्मचारीका लागि आवास, ४० कोठाको अतिथि भवन, विद्यालय र सडक निर्माण हुने छ । प्रतिवेदन अनुसार आयोजना क्षेत्रमा, खानेपानी आपूर्ति तथा ढल निकास, बिजुली आपूर्ति, विद्युत् र सञ्चार सञ्जाल रहने छन् ।

आयोजना निर्माणपछि स्थानीय स्तरमा अधिक रूपमा सकारात्मक प्रभाव पर्ने देखिएको छ । प्रस्तावित आयोजना पूरा भएपछि दक्षता, सिप र क्षमता अनुसार रोजगारी सिर्जना, पहुँच सडक, विद्यमान सडकको स्तरोन्नति/सुधार हुने विश्वास गरिएको छ। यस्तै स्थानीय आर्थिक गतिविधिमा वृद्धि र स्थानीय सरकारलाई राजस्व संकलनको अवसर मिल्ने छ ।

विश्वविद्यालयमा आवश्यक पर्ने पानीका लागि आकासे पानी संकलन र जमिनमुनिको पानीमा निर्भर हुने, विश्वविद्यालयबाट निस्कने मलमूत्रबाट बायोग्यास निकाल्ने, फोहोर पानी प्रशोधन गर्ने तथा पाँच सय किलोवाटको सौर्य ऊर्जा र छ सय किलोवाटको पम्प स्टोरेज प्लान्ट स्थापना गरिने भएको छ । यो आयोजनाको कुल वातावरणीय व्यवस्थापन लागत एक करोड २४ लाख ६५ हजार रूपियाँ रहेको प्रतिवेदनमा उल्लेख छ । प्रस्तावित आयोजनालाई आवश्यक ५०.५२ हेक्टर जमिनमा हाल घाँसे मैदान, नास्पाती खेती तथा वन रहेकोमा आयोजनाको निर्माणसँगसँगै उक्त जमिन भवनमा परिणत हुने छ। इआइए प्रतिवेदनका लागि आएका सुझावहरू सहित प्रतिवेदनलाई थपघट गरी अन्तिम रूप दिने विश्वविद्यालयका कन्सल्टेन्ट सञ्जयनाथ खनालले बताए । थाहा नगर पालिका वडा नम्बर ९ को चित्लाङ्मा विश्वविद्यालयको भौतिक संरचना निर्माणाधीन छ । यस आयोजनाको निर्माण लागत ३७६ मिलियन अमेरिकी डलर अर्थात् ४९ अर्ब रूपियाँभन्दा बढी रहेको छ ।

# थाहानगरले कृषकलाई ५० प्रतिशत अनुदानमा ट्रयाक्टर दिने

◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिकाले पालिकाभित्रका कृषि समूह र कृषक फार्महरूलाई ५० प्रतिशत अनुदानमा हाते टूयाक्टर उपलब्ध गराउने भएको छ । आर्थिक बर्ष २०८०/०८१ को बजेटले कृषकलाई सहुलितपूर्ण दरमा कृषि सामग्री दिने नीति पारित गर्दै बजेटसमेत विनियोजन गरिसकेको छ ।

स्वीकृत बजेटबाट किसान समुहलाई खेतवारी जोत्न टूयाक्टरदेखि लिएर मलखाद तथा वालीमा लगाउने औषधिलगायतका सामग्रीहरूसमेत अनुदानमा उपलब्ध गराउने निर्णय भएको कृषि विकास शाखा प्रमुख संजय तिवारीले जानकारी दिए । उनका अनुसार मलखाद र औषधिमा भने पालिकाले ७५ प्रतिशत अनुदान दिदै छ । पालिकाले विभिन्न जातका हाते टूयाक्टर वितरण गर्ने भन्दै ११ साउनमा ३० दिनको समय दिएर सूचनासमेत जारी गरिसकेको उनले जानकारी दिए ।

कृषि समूह, कृषि सहकारी र कृषि फार्महरूलाई अनुदानमा दिइने यी सामग्री पाउनका लागि फार्म संचालकको ठेगाना, पान नम्बर, व्यवसाय दर्ताको प्रमाणपत्र, कर चुक्ताको प्रमाणपत्रलगायतका कागजात पेश गर्नुपर्ने सर्त छ ।



आवश्यक काजगातसहित निवेदन दिएपछि नगरपालिकाले अनुगमन र मूल्यांकन समेत गरेर योग्य फार्म, समूह र सहकारीलाई ५० देखि ७५ प्रतिशतसम्म अनुदानमा कृषि उपकरण र मलखाद उपलब्ध गराउने नगरपालिकाले जनाएको छ ।



समयमै व्यक्तिगत घटना दर्ता गरौं ।
थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

# थाहामा विद्युतीय सवारी चार्जिङ स्टेशनको प्रक्रिया अघि बढ्दै

◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिकामा विद्युतीय सवारी चार्जिङ स्टेशन निर्माण गर्ने विषयमा बहस शुरू भएको छ । पर्यटकीय पालिका भएकाले पनि पर्यटक लक्षित गरी चार्जिङ स्टेशन निर्माणको लागि छलफल शुरू भएको छ । घुम्न आउने पर्यटकले सवारी चार्जिङ स्टेशनको खोजी गर्न थालेपछि यो विषय बाहिर आएको हो ।

नेकपा माओवादी केन्द्रका थाहानगर अध्यक्ष बिनोद लामा र नेपाल विद्युत प्राधिकरण पालुङ वितरण केन्द्रका प्रमुख विरमान रास्कोटीबीच चार्जिङ स्टेशन र ाख्ने विषयमा ११ साउनमा छलफल भएको छ । छलफलमा थाहाको दामन, बज्रवाराही र चित्लाङमा विद्युतीय चार्जिङ सेन्टर राख्ने विषयमा छलफल भएको अध्यक्ष लामाले जानकारी दिए । छलफलमा चार्जिङ स्टेशन राख्ने कुरामा विद्युत प्राधिकरण सकारात्मक रहेको प्रमुख रास्कोटीले जानकारी दिए । 'यहाँको आवश्यकता पनि हो, छिट्टै पहल थाल्छौं'-वितरण केन्द्र प्रमुख रास्कोटीले भने ।

पालुङ वितरण केन्द्रका प्रमुख रास्कोटीका अनुसार-'अन्य ठुला राजमार्गमा नेपाल विद्युत प्राधिकरणले ठाउँठाउँमा चार्जिङ स्टेशनको निर्माणलाई तिव्रता दिएपछि त्रिभुवन राजपथको केही स्थानमा पनि चार्जिङ स्टेशन राख्न छलफल भएकोमा सकारात्मक जवाफ आएकोले त्रिभुवन राजपथको केही स्थानमा चार्जिङ स्टेसन राख्न प्रक्रिया थालिने छ ।'

यसैबीच हेटौंडा उपमहानगरपालिका वडा नम्बर १५ रातोमाटेमा गत आर्थिक वर्षमा चार्जिङ स्टेशन निर्माण सम्पन्न भएको छ । उपमहानगरपालिकाको कार्यपालिका बैठकले पुर्वपश्चिम राजमार्ग भएर गुड्ने बिद्युतिय सवारीलाई लक्षित गर्दै हेटौंडा- १५ को रातोमाटे लच्का नजिकै चार्जिङ स्टेशन निर्माणका लागि जमिन दिएपछि सवारी चार्जिङ स्टेश बनेको हो ।

# वडाध्यक्ष तिमल्सिनाले पुऱ्याए सुत्केरी महिलालाई घरैमा पोषण सामग्री

◆ विकास संवाददाता

मकवानपुरको बागमती गाउँपालिका-८ भित्र सुत्केरी हुने महिलालाई पोषण सामग्री उपलब्ध गराइएको छ । बागमती शान्तिपुर चार पटक गाउँकी ३० बर्षीया माइलीमाया लोप्चनलाई पोषण सामग्री उपलब्ध गराइएको हो ।

उनी साउन ३ गते बेतिनी स्वास्थ्यचौकी फापरवारीमा सुत्केरी भएकी थिइन् । उनलाई चार हजार बराबरको लोकल कुखुरा, तोरीको तेल, जिरा, धनिया, ज्वानु, मेथी, आयोनुन, मसला, सावुन वडाअध्यक्ष इन्द्रमणि तिमल्सिना (केशव) ले घरमै पुगेर हस्तान्तरण गरेका थिए ।

जनप्रतिनिधिले आफ्नै खर्चबाट घर मै आएर पोषण सामग्री दिएकोमा सुत्केरीका परिवार खुसी भए । यस्ता कार्यक्रमले आमा, नवजात शिशुको पोषण सुधार हुन भएकाले यो कार्यको प्रशंसा गरे । तिमल्सिनाले भत्तावापत प्राप्त हुने रकमले वडाभित्र सुत्केरी हुने महिलालाई साउन १ गतेदेखि सुत्केरी पोषण सामग्री उपलब्ध गराउन कार्यविधि बनाएरै काम सुरू गरेका थिए ।


## बाढीपहिरोबाट जोगिऔं !

*जथाभावी सडक निर्माण र वन विनाशले बाढीपहिरो निम्त्याउने हुँदा :*

- वृक्षारोपण गरौं, वनजंगल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं ।
- पहिरोको जोखिम भएका क्षेत्र तथा नदी किनारमा रुख, बाँस, निगालोजस्ता भू-क्षय रोक्ने खालका विरुवा रोपौं र संरक्षण गरौं ।
- आफ्नो बस्ती तथा समुदायको रक्षा गरौं ।
- बाढी तथा पहिरो गएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं ।

*बाढीपहिरोबाट आफू पनि बचौं अरुलाई पनि बचाऔं ।*

नेपाल सरकार
**विज्ञापन बोर्ड**



## थाहा नगरपालिकाको सार्वजनिक सूचना।

- नयाँ निजि तथा सार्वजनिक भवनहरु निर्माण गर्नु अगाडि अनिवार्य रुपमा पालिकाको कार्यालयमा गई नक्सा पास गरौं ।
- भवन मापदण्डको पालना गरौं, सुरक्षित भविष्य सुनिश्चित गरौं।
- घटना घटेको ३५ दिन भित्रमा नि:शुल्क रुपमा व्यक्तिगत घटना दर्ता गरौं ।
- समयमा नै कर तिरौं, नागरिक कर्तव्यको परिपालना गरौं ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आ-आफ्नो वडा कार्यालयमा गई नाम दर्ता र विवरण अद्यावधिक गरौं ।
- बाल विवाह अन्त्य गरौं, बाल श्रम निर्मुल गरौं ।

**थाहा नगरपालिका**
नगर कार्यपालिका कार्यालय
इन्द्रायणी चौर, मकवानपुर



## कृषकहरुका लागि जनहितमा जारी सन्देश



- कृषि तथा पशु बिमा गरौं, व्यवसायमा हुने जोखिमबाट बचौं ।
- कृषिमा विषादी न्यूनीकरण गर्न आइपीएम प्रणाली अपनाऔं ।
- बेलाबेलामा खेतबारीको माटो परिक्षण गराई खेतिपाती गरौं ।
- घाँसमा आधारित पशुपालन गरौं, उत्पादन लागत घटाऔं ।
- जैविक र प्राङ्गारिक खेतीमा जोड दिऔं, उत्पादन बढाऔं ।
- घरपालुवा कुकुर र बिरालोलाई नियमित खोप लगाऔं, रेबिजबाट बचौं ।
- पशुलाई ६/६ महिनामा जुकाविरुद्ध औषधि खुवाऔं, पशुजन्य उत्पादन बढाऔं ।
- पशुलाई कुनै रोग लागेमा उपचारका लागि नजिकैको पशुसेवा केन्द्रमा सम्पर्क गरौं ।

**थाहा नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर



## राष्ट्रिय खोप-तालिका

| पटक/भेट | कुन उमेरमा | कुन खोप |
| --- | --- | --- |
| १ | जन्मने वितिकै | बि. सि. जी. |
| २ | ६ हप्तामा | रोटा<br>पोलियो<br>पि. सि. भी.<br>डि.पि.टी.-हेप बी-हिब |
| ३ | १० हप्तामा | रोटा<br>पोलियो<br>पि. सि. भी.<br>डि.पि.टी.-हेप बी-हिब |
| ४ | १४ हप्तामा | पोलियो<br>एफ.आई.पि.भी.<br>डि.पि.टी.-हेप बी-हिब |
| ५ | ९ महिनामा | एफ.आई.पि.भी.<br>पि.सि.भी.<br>दादुरा-रुबेला |
| ६ | १२ महिनामा | जापानिज इन्सेफलाइटिस |
| ७ | १५ महिनामा | दादुरा-रुबेला<br>टाइफाइड |

खोप लगाएता पनि सधै सरसफाईका सबै व्यवहारहरुको पालना गरौं ।

खोप नि:शुल्क पाइन्छ | खोप सुरक्षित छ | खोपले जीवन रक्षा गर्छ

**थाहा नगरपालिका**


● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी